# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ७५) काठमाडौं, माघ ४ गते, २०८२ साल (अतिरिक्ताङ्क ४०(क)**


## भाग ५

## निर्वाचन आयोगको

### सूचना

निर्वाचन आयोगले संवत् २०८२ साल माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १ को उपदफा (२) बमोजिम सो निर्वाचन आचारसंहिताको सम्पूर्ण व्यवस्था मिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८२।१०।०४ गते राति १२.०० बजेदेखि आयोगबाट अर्को सूचना प्रकाशन नभएसम्म देहायका व्यक्ति, निकाय तथा अधिकारीलाई लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,

(ग) संवैधानिक निकाय र सो निकायका पदाधिकारी,

(घ) नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,

(ङ) स्थानीय कार्यपालिका र सोका सदस्य,

(च) सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी,

(छ) सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,

(ज) सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी,

(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ट) राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि,

(ठ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ड) अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,

(ढ) पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,

(ण) सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,

(त) निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,

(थ) विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) मतदाता,

(ध) विकास साझेदार संस्था,

(न) सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,

(प) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी,

(फ) निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,

(ब) वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार, र

(भ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति।

**आज्ञाले,**
**कृष्ण बहादुर राउत**
**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।–**
**गो.द्व.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।